नेपाल सरकार

शहरी विकास मन्त्रालय

विषयः प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गतका सडकका लागि निजी जग्गा प्राप्ति गर्ने।

प्रस्ताव पेस गर्ने विभागीय मन्त्रीबाट स्वीकृति मितिः २०८२/१०/६

१. विषयको सङ्क्षिप्त व्यहोराः

नेपाल सरकार तथा विश्व बैंकबिच प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP-P171836) सञ्चालनको लागि ३१ जुलाई २०२४ मा कार्यक्रमको समन्वय सङ्घीय सरकारबाट र कार्यान्वयन प्रदेश तहबाट हुने गरी ऋण सम्झौता भएको। सम्झौतामा उल्लेख भएका प्रावधानअनुसार सडकको सीमा भित्र निजी जग्गामा भएका संरचना (घर, पर्खाल, टहरालगायत) तथा रुख हटाई र अन्य कुनै भौतिक तथा आर्थिक क्षति हुने भए सोको क्षतिपूर्ति तथा स्वैच्छिक जग्गा दानबाट जग्गा प्राप्त गर्न नसकिने अवस्थामा मुआब्जा प्रदान गरी निजी जग्गा प्राप्त गर्नु पर्ने भएको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. मा सम्बन्धित प्रदेशबाट ऐनबमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकारसमक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्ने व्यवस्था रहेको। जग्गा प्राप्तिको मुआब्जा र अन्य सबै खर्च प्रदेश तथा स्थानीय तहले व्यहोर्ने गरी त्रिपक्षीय समझदारी भएको र चालु आ. व. २०८२।८३ मा जग्गा प्राप्तिको लागि मधेश प्रदेशले रु. १० करोड ५० लाख, कर्णाली प्रदेशले रु. २ करोड १० लाख र सुदूरपश्चिम प्रदेशले रु. १ करोड ६० लाख बजेट विनियोजन समेत गरेको। ऐ. ऐनको दफा ५ मा दफा ३क. प्रयोजनको लागि जग्गा प्राप्त गर्ने नेपाल सरकारले निर्णय गरेपछि जुन कार्यालयको निमित्त जग्गा प्राप्त गरिने हो सो कार्यालयको कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तरको कर्मचारी वा राजपत्राङ्कित वा अधिकृतस्तरको कर्मचारी नभएमा कार्यालय प्रमुखले र कुनै परियोजनाको लागि प्रारम्भिक कारबाही चलाउन सक्ने व्यहोराको व्यवस्था रहेको।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. बमोजिम कार्यक्रमअन्तर्गत निर्माण/स्तरोन्नति हुने सडकको सीमा भित्र पर्ने निजी जग्गाका ९३ वटा संरचना (घर, पर्खाल, टहरालगायत) र २१७ वटा रुख क्षतिपूर्ति दिई हटाई तथा स्वैच्छिक जग्गा दान नहुने अवस्थामा मुआब्जा दिई १,३०४.७ वर्ग मिटर निजी जग्गा प्राप्त गर्न स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न विभागीय मन्त्रीबाट मिति २०८२/१०/६ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची- १ को विषय सङ्ख्या ४१ अनुसार यो प्रस्ताव पेस गरिएको छ।

नेपाल सरकार शहरी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

४. निर्णय हुनु पर्ने व्यहोराः

प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गतका यसैसाथ संलग्न अनसूचीबमोजिमका सडक सीमा भित्रका करिव १,३०४.७ वर्ग मिटर निजी जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. बमोजम प्राप्त गर्न तथा उल्लिखित जग्गामा रहेका संरचना क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने।

(गोपाल प्रसाद सिग्देल)

सचिव

मितिः २०८२/१०/६

नेपाल संवत् ११४६

श्री सचिव,
शहरी विकास मन्त्रालय

प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गतका सडकका लागि निजी जग्गा प्राप्ति गर्ने विषयको शहरी विकास मन्त्रालयको मिति २०८२।१०।०६ को प्रस्ताव म.प.बै.स. ५४/०८२ मिति २०८२।१२।०१ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु –

<u>नेपाल सरकारको निर्णय</u> –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(सुमनराज अर्याल)
मुख्यसचिव
२०८२।१२।०१
नेपाल संवत् ११४६

# अनुसूची

| जग्गा , घरटहरा तथा रुखहरु प्राप्त गर्नुपर्ने विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | सडकको नाम | सडकको लम्बाई (कि.मी.) | ठेगाना | सडक सीमा भित्र पर्ने जग्गा, घरटहरा तथा रुखहरूको विवरण | | |
| | | | | कुल क्षत्रफल (ब.मि) | संरचना संख्या | रुखहरू संख्या |
| १ | चानदेव बजार - लालझाडी | १३.६ | लालझाडी गा.पा. वडा नम्बर २,३,६, कञ्चनपुर | ७३ | ० | ० |
| २ | सहजपुर - निगाली | १४.८ | चुरे गा.पा. वडा नम्बर १,३, कैलाली | ० | २ | ६० |
| ३ | डुंगेश्वर - डाँडापराजुल | ७.९ | डुङ्गेश्वर गा.पा. वडा नम्बर ५,६, दैलेख | १२३१.७ | ४ | ० |
| ४ | गल्फाघाट - श्रीनगर | ९.९ | अदानचुली गा.पा. वडा नम्बर २,३, हुम्ला | ० | ५ | ० |
| ५ | रघुनाथपुर (हुलाकी राजमार्ग) - सोनमा - तरहरी - सुन्दरपुर | ८.४ | सोनमा गा.पा. वडा नम्बर १,२,३,७,महोत्तरी | ० | २५ | १५० |
| ६ | मनहरपुर (सहिद मार्ग) - बकचौरा - हंशपुर- खरियानी - सिमरारी | १६.४ | जनकपुर उपमहानगरपालिका गा.पा. वडा नम्बर १७, हंशपुर न.पा. वडा नम्बरः १,२,३,५,७ र सबैला न.पा. वडा नम्बर १०,धनुषा | ० | ५७ | ७ |
| | | | कुल | १३०४.७ | ९३ | २१७ |

नेपाल सरकार शहरी विकास मन्त्रालय

गोपाल प्रसाद सिग्देल
सचिव